सूचना !　　　　　　　　सूचना !!　　　　　　　　सूचना !!!

कोरोना भाइरस (कोभिड-१९) का कारण जारी भएको बन्दाबन्दी (लकडाउन) को अवधिमा अदालतको काम कारवाही तथा सेवा प्रवाह सम्बन्धमा सम्मानित सर्वोच्च अदालत, पूर्ण बैठकको मिति २०७६/१२/०७ लगायत बिभिन्न मितिमा बसेका बैठकबाट आवश्यक निर्णयहरु भई यस अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको निवेदन, बाल सुधार गृहमा रहेका बालबालिका जिम्मा लिने निवेदन, कल डिटेलको अनुमति, पक्राउ पुर्जी अनुमति तथा जरुरी पक्राउ पुर्जीको समर्थन, म्याद थप, अभियोग पत्र दर्ता, बयान तथा थुनछेक आदेश गर्ने सम्बन्धी काम कारवाहीहरु सुचारु भई रहेकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७/०२/२१ मा जारी भएको सूचना, सम्मानित सर्वोच्च अदालत र उच्च अदालत पाटनको निर्देशानुसार यस अदालतबाट मिति २०७७/०२/२५ गते देखि देहाय बमोजिमका थप सेवाहरु संचालन हुने व्यवस्था मिलाइएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय:-

१. न्याय सम्पादन र सुनुवाईमा अधिक समय नलाग्ने प्रक्रियागत कार्यको रुपमा रहेको मिलापत्र मुद्दा फिर्ता, पक्षले तारेख छोडेका डिसमिस र तामेली लगायतका काम कारवाही गर्ने ।
२. बन्दाबन्दीको समयमा मुद्दा फैसला हुन नसकी अभियोग पत्रमा दावी लिइएको हुने सजाय भन्दा बढी अवधि थुनामा बसेको वा हुन सक्ने प्रतिवादीका हकमा प्रमाण बुझी अंग पुगिसकेको भए त्यस प्रकृतिको मुद्दाको सुनुवाई प्रारम्भ गर्ने ।
३. मुद्दामा प्रमाण बुझी अंग पुगिसकेका र सुनुवाइका प्रकृयामा अदालतको आदेशले बाल सुधार गृहमा रहेका बालबालिका मात्र संलग्न रहेका फौजदारी मुद्दा हेर्ने ।
४. यस अदालतबाट सम्पादन हुने विशेष प्रकृतिका निवेदन मध्ये दर्ताद्वारा विवाह सम्बन्धी निवेदन ।
५. कसुर कायम भै सजाय पूर्वको प्रतिवेदन प्राप्त भैसकेको वा सहज रुपमा प्राप्त हुने अवस्था भएमा कार्यबोझ समेतलाई विचार गरी सजाय निर्धारण गर्न बाँकी रहेका मुद्दाहरुको सुनुवाइ प्रारम्भ गर्ने ।
६. अर्ध न्यायिक निकायले गरेको आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम पर्न आएका निवेदनमा सुनुवाई गर्ने ।
७. दशीका रुपमा अभियोग पत्र साथ पेश भै आदेश वा फैसलाले सम्बन्धित व्यक्ति वा जाहेरवालाले फिर्ता पाउने ठहरेका दशीका सामान फिर्ता माग गर्न आएमा फिर्ता दिने सम्बन्धी कारवाही गर्ने ।
८. उपरोक्त बाहेक अदालतको भौतिक अवस्था कार्यबोझ र व्यवस्थापकीय पक्ष समेतलाई विचार गरी अदालतबाट सरोकारवालासँग छलफल र समन्वय गरी आवश्यक र उपयुक्त देखिएका थप काम कारवाही समेत उच्च अदालत/न्यायाधीश सँगको समन्वय र निर्देशनमा कार्य सम्पादन गर्दै जाने भन्ने निर्देशन अनुसार गर्ने ।

नोट: उपरोक्त बमोजिमका कार्य सम्पादनका लागि अदालतमा उपस्थित हुने सरोकारवालाको संख्या र स्वास्थ्य सुरक्षामा विशेष ध्यान दिनुपर्नेछ ।